SHANTI JOURNAL : A Multidisciplinary Peer Reviewed Journal
Print ISSN: 2961x1601: E-ISSN: 2961-161x
ejournal Site: www.nepjol.info/index.php/shantij
• Peer-Reviewed, Open access Journal
•Indexed in Nepjol

BISHWA SHANTI CHIRAN-MILAN CAMPUS
URL: www.bishwashanticampus.edu.np

# 'मोक्ष' उपन्यासका नारी चरित्रमा वर्गचेतना

प्रभा मरहट्टा
उप-प्राध्यापक त्रिभुवन विश्वविद्यालय,
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन ।

**Article History: Submitted** 27 January **Reviewed** 11 Februray **Revised** 7 March

**Corresponding Author:** प्रभा मरहट्टा **E-mail:** koiralaprabha@gmail.com

Copyright 2023 © The Author(s). The publisher may reuse published articles with prior permission of the concerned author(s). The work is licensed a Creative Commons Attribution-NonCommercial 4.0 International License . www.nepjol.info/index.php/shantij

## लेखको सार

*माओवादी सशस्त्र युद्धका सन्दर्भ तथा परिवेशलाई समेटेर सचना गरिएको 'मोक्ष' उपन्यास सिर्जन अविरलको पहिलो आख्यानात्मक कृति हो । यसमा मोक्ष वा मुक्तिको खोजी गर्दै वर्गसङ्घर्षमा उत्रिएका सक्रिय पात्रहरूको प्रयोग गरिएको छ । युगौंदेखिको दलहनबाट मुक्ति प्राप्तिका निम्ति लामो युद्ध लडेका लडाकु नै अयोग्य ठहर हुँदा तथा क्रान्ति सम्झौतामा टुङ्गिँदा अस्वीकार गरी क्रान्ति कहिल्यै रोकिँदैन भन्ने धारणा राखेर अग्रगमनतर्फ लागेका वर्गीय पात्रहरू पनि प्रयोग गरिएको छ । तसर्थ यस लेखमा जनयुद्धजन्य कथावस्तु रहेको 'यस उपन्यासमा चित्रण गरिएका नारी पात्रहरूमा वर्गचेतना केकस्तो रहेको छ भन्ने प्राज्ञिक जिज्ञासालाई मार्क्सवादी दृष्टिकोणबाट अध्ययन गरी निरूपण गर्नु नै मुख्य उद्देश्य बनाइएको छ । जनयुद्धजन्य कथावस्तु रहेका यस आख्यानमा प्रयोग गरिएका नारीपात्रहरू सचेत रूपमा वर्गीय सङ्घर्षमा होमिएका छन् । नेपाली समाजमा चलेको दसबर्शे वर्गद्वन्द्व र सचेतनाको प्रभावमा नेपाली नारीहरूले वर्गीय मुक्ति सचेतना बिस्तार, सामाजिक तथा सांस्कृतिक रूपान्तरणका लागि गरेका सबल प्रयासहरु यहाँ उद्घाटन गरिएको छ । उपन्यासमा क्रान्तिकारी वर्गचेतना पुरुषपात्रहरूका तुलनात्मकमा नारी पात्रहरू सबल रहेको*

*देखिन्छ । जनयुद्धमा सहभागी भएका नारीपात्रहरू कलम वा तरवार जे समातेर पनि श्रमजीवी तथा सर्वहारा वर्गीय जनताका उत्थानका निम्ति सचेत रूपमा सङ्घर्षरत छन् । यसरी सङ्घर्ष गर्दागर्दै केहीले सहादत प्राप्त गरेका छन् भने केही क्रान्ति सम्झौतामा पुगेपछि अयोग्य लडाकु सावित हुँदा निराश बनेका छन्, कोही पार्टीको निर्णय अस्वीकार गर्दै क्रान्तिकारी अभियानको निरन्तरतातिर लागेका निष्कर्ष यस लेखमा निकालिएको छ । मार्क्सवादी साहित्यमा समाजवादी यथार्थ चित्रण गर्ने क्रममा पुरुष र महिलालाई समान हैसियत प्रदान गरिएको हुन्छ । यस उपन्यासमा पनि अग्रगामी चेतना रहेका सङ्घर्षशील नारी पात्रहरूको प्रयोग गरी समग्र नारी जगत्लाई नै ब्युँझाउने प्रयास गरिएको छ । उपन्यासमा वर्गीय समाजमा हुने शोषण, दमन, विभेद, असमानता आदि हटाउन नारी पात्रहरू विशेष सक्रिय भएका सन्दर्भहरू वर्णन र उनीहरूका सक्षमतामा विश्वास गरिएको छ । नेपालका मार्क्सवादी तथा माओवादी राजनीतिज्ञहरूले शोषण, दमन, अन्याय, अत्याचारका मुख्य कारण खासगरी पितृसत्ता र पुँजीवादी संरचना भएको निष्कर्ष निकालेर निम्नवर्गीय उत्पीडित, किनारीकृतहरूको हक, हितका पक्षमा व्यापक प्रचार गरेका कारण पनि माओवादी जनयुद्धमा नारीहरू छापामारमा भर्ती भई सक्रिय भूमिकामा रहेको कुरा यहाँ सङ्केत गरिएको छ । नारीमाथि हुने गरेका दमन, हिंसा र शोषणबाट मुक्ति पाउने आशमा पनि धेरै नारीहरू जनयुद्धमा लामबद्ध भएको रहस्य पनि उपन्यासमा उद्घाटन गरिएको छ । यही आधारमा जनयुद्धमा सामेल भएका नारीहरूले वैचारिक गला र कलाको प्रयोग गरेर सचेत रूपमा जनवर्गीय सङ्घर्षलाई सहयोग गरेका* रहेछन् भन्ने निष्कर्ष यस लेखमा निकालिएको छ ।

**शब्दकुञ्जी :** क्रान्ति, जनयुद्ध, प्रतिरोध, वर्गसङ्घर्ष, वर्गचेतना ।

## १. विषयपरिचय

मार्क्सवादी वैचारिक राजनीतिमा समेत चासो राख्न कवि तथा सञ्चारकर्मी सिर्जन अविरलको २०७८ सालमा प्रकाशित 'मोक्ष' पहिलो उपन्यास हो । यसमा प्रगतिवादी मार्क्सवादी वैचारिक चिन्तनलाई विशेष महत्त्व दिइएको छ । मझौला आयाम रहेको यस उपन्यासमा दुई सय एकतिस पृष्ठहरू रहेका छन् । मूल शीर्षक 'मोक्ष' रहेको यस उपन्यासलाई अन्य विभिन्न आठवटा उपशीर्षकमा विभाजन गरी विषयवस्तु विस्तार गरिएको छ । उपन्यासमा संवादात्मक, विचलनयुक्त तथा आलङ्कारिक भाषाशैलीको प्रयोग गरिएको छ । उपन्यास २०५२ सालबाट नेपाली भूमिमा माओवादी कम्युनिस्ट पार्टीले सुरुवात गरेको जनयुद्धकालीन घटना, परिवेश, चरित्र तथा युद्धसौन्दर्यमा आधारित छ । माओवादी जनयुद्धमा आबद्ध भई ठुलाठुला सशस्त्र युद्ध जितेका सचेत पात्र इच्छा र आविष्कार जस्ता छापामारहरू शान्ति प्रक्रियामा आएपछि सेना समायोजमा अयोग्यको बिल्ला लगाई निकालिदिएका सन्दर्भबाट उपन्यासमा कथानकको आरम्भ गरिएको छ । उपन्यासमा आदित्यका बा, आमालगायत अन्य पात्रहरू शारदा, इच्छा र आविष्कार, देव, सलिना आदि सबैको सामान्य परिचय, उनीहरूकै वर्गचेतना, वर्गप्रेम, लक्ष्य, साहासिक सङ्घर्ष, आस्था, भरोसा, समस्या,

असन्तुष्टि, आशा, निराशा आदि संस्मरणात्मक शैलीमा वर्णन गरिएको छ भने कतै संवाद गराएर र कतै पात्रलाई नै वकाएर कथावस्तुलाई पूर्णता दिइएको छ । मार्क्सवादी वैचारिक चिन्तन र दर्शनअनुसार निम्नवर्गीय पात्रहरू तथा वर्गीय सङ्घर्षको परिवेश प्रयोग गरी उपन्यासको वैचारिक धरातल निर्माण गरिएको छ । उपन्यासमा तुलनात्मक रूपमा पुरुष पात्रहरूभन्दा नारीपात्रहरू प्रतिरोधी चेतना तथा वर्गसङ्घर्षका दृष्टिले सशक्त रहेका देखिन्छन् । पुरुष पात्रहरूमा भन्दा नारी पात्रहरूमा नै आमूल परिवर्तनप्रति दृढ इच्छाशक्ति रहेको देखिन्छ । मार्क्सवादी वैचारिक चिन्तन प्राथमिकता दिइएको हुँदा उपन्यास विचारप्रधान बनेको छ । उपन्यासमा जातीय, लैङ्गिक, वर्गीय तथा सीमान्तकृत सबै प्रकारका विभेदमा परेका पात्रहरूलाई समेटेर संस्मरणात्मक तथा संवादात्मक शैलीमार्फत ती पात्रहरूका वर्गीय चेतना, वर्गसङ्घर्षका मुख्य कारण तथा उद्देश्यहरूलाई उद्घाटन गर्ने प्रयास गरिएको छ । उपन्यासमा सुरुदेखि अन्त्यसम्म रहेको रेडियोकर्मी आदित्यमार्फत माओवादी जनयुद्धलाई सहयोग गर्ने आफ्ना बाका गतिविधि, हिरासत हुँदै कारागार लैजाँदाका त्रासदीपूर्ण घटना तथा तत्कालीन सत्ताधारी र माओवादीका गतिविधिहरू पनि प्रस्तुत गरिएका छन । नारी पात्रहरूमा आदित्यकी आमा, शारदा, इच्छा, सलिना आदि सहायक पात्रका रूपमा रहेका छन् । गौण नारी पात्रहरूमा चुनु गुरुङ, प्रतीक्षा, आकृति, प्रज्ञा, सुरक्षा, दिलाशा अम्बिका, इमा, तारा कुमाल आदि रहेका छन् । यस उपन्यासमा प्रयोग गरिएका वर्गीय पात्रहरूले गरिबी र अभावमा बाँचेका तथा चरम उत्पीडनमा परेर विद्रोहको बाटो रोजेका देखिन्छन् ।

नेपाली समाजमा सदियौंदेखि जरा गाडेका विभिन्न विभेद, दमन, शोषण र दलहनमा परेका पात्रहरू उन्मुक्तिको चाहना राख्दै आमूल परिवर्तनको खोजी गरेर क्रान्तिकारी, विद्रोही बाटो समाउँदै जनयुद्धमा समावेश भएका छन् भने कतिपय केही नबुझेरै अल्लारे उमेरमा स्कुलको बाटो मोडेर जनयुद्धमा सहभागी हुन आएका परिवेशहरू उपन्यासमा वर्णन गरिएका छन्.। वैचारिक रूपमा सचेत नारी पात्रहरू अन्य छापामारहरूलाई आफ्नो भूमिका र उद्देश्यप्रति सचेत बनाएर घनीभूत रूपमा जनयुद्धलाई सफल बनाउने प्रयासमा लागेका छन् । उपन्यासमा रहेका नारी पात्रहरूले कुनै न कुनै रूपमा उत्पीडन र दलनबाट मुक्तिप्राप्तिका लागि सङ्घर्ष गरेका छन् । यस उपन्यासले जनयुद्धको राफतापमा निर्मितको माओवादी पार्टी तथा नेतृत्वलाई एक पटक जनयोद्धा, सहिद परिवार, घाइते तथा बेपत्ताका परिवारतिर फर्केर सोच्न बाध्य पार्छ । यस लेखले वर्गसङ्घर्ष, वर्गीय अन्तरविरोधहरू तथा आत्मसङ्घर्षबाट योद्धाहरू कसरी गुज्रिरहेका छन् भन्ने कुरा बुझ्न सहयोग गर्छ । यस लेखमा जनयुद्धको नयाँ यथार्थमा आधारित कैयौँ अविस्मरणीय पात्रहरूका वर्गीय चेतना तथा अनुभूतिहरू अध्ययन गरिएको हुँदा लेख औचित्यपूर्ण देखिन्छ । यस उपन्यासको अध्ययन विभिन्न दृष्टिकोणबाट गर्न सकिन्छ । वसन्त पराजुलीले 'आख्यानमा दशवर्षे युद्ध' शीर्षकको समीक्षात्मक लेखमा मोक्ष उपन्यासमा जीवनदर्शन, युद्धदर्शन र अध्यात्मवादलाई समन्वय गरिएको छ भन्दै यसका पाठकले जनयुद्धसम्बन्धी केही नयाँ तथ्य पाउने सङ्केत गरेका छन् भने राधा कोइरालाले 'एउटा क्रुर समयको साक्षी सिर्जनको 'मोक्ष' शीर्षकको लेखमा पचासको दशकमा नेपाली समाजमा गुज्रिएको युद्धलाई विषयवस्तु बनाइएको यस उपन्यासले आफूमाथि भएको शोषण, दमन,

अत्याचार, असमानताबाट मुक्तिका निम्ति युद्धमा होमिएकाहरूलाई अन्त्यमा के प्राप्त भयो त भन्ने गम्भीर प्रश्न उठान गरेकी छिन् । कतिपय समी शैलीवैज्ञानिक अध्ययन पनि गरेका छन् । यी सबै कार्यहरू वर्गचेतना अध्ययनका दृष्टिले गरिएका कार्यहरू होइनन् । हालसम्म वर्गचेतनाका दृष्टिले यस उपन्यासको अध्ययन नभएको हुँदा यस लेखमा 'मोक्ष' उपन्यासलाई अध्ययन र विश्लेषण गर्न सकिने अन्य दृष्टिकोणहरू छोडेर यस उपन्यासका वर्गीय युद्धमा सङ्घर्षशील नारी पात्रहरूमा निहित वर्गचेतना मार्क्सवादी दृष्टिकोणबाट मात्र अध्ययन गरिएको छ । यही नै यस लेखको सीमा पनि हो ।

## २. समस्याकथन

जनयुद्धजन्य कथावस्तु रहेको मोक्ष उपन्यासमा चित्रण गरिएका नारी पात्रहरूमा वर्गचेतना केकस्तो रहेको छ भन्ने प्राज्ञिक जिज्ञासा नै यस लेखको मुख्य समस्या हो । यस उपन्यासमा चित्रण गरिएका नारी पात्रहरूका वर्गीय चेतनाका स्तर मार्क्सवादी दृष्टिकोणबाट अध्ययन गरी समाधान गर्नु नै यस लेखको मुख्य उद्देश्य बनाइएको छ ।

## ३. शोधविधि

प्रस्तुत लेख कृति अध्ययन र विश्लेषणमा आधारित हुँदा पुस्तकालय विधि प्रयोग गरी मोक्ष उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ भने वर्ग चेतना तथा वर्गद्वन्द्वसँग सम्बन्धित मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादी अवधारणा तथा उपन्यासबारेमा गरिएका टीका-टिप्पणी, लेख, रचनालाई द्वितीय सामग्रीका रूपमा सङ्कलन गरी आश्यकताअनुसार सूक्ष्म अध्ययन गरेर उपयोग गरिएको छ । कृति अध्ययन र विश्लेषण प्रक्रिया गुणात्मक प्रकृतिको हुने हुँदा निगमनात्मक तथा आगमनात्मक पद्धतिको प्रयोग गरेर समस्या समाधानका उपायहरू खोजी निष्कर्ष निकालिएको छ । यस लेखमा मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादी मूल्य, मान्यता र अवधारणालाई मुख्य अध्ययन तथा विश्लेषण विधिका रूपमा उपयोग गरिएको छ ।

## ४. मार्क्सवादी सैद्धान्तिक आधार

वर्गीय चेतना र वर्गीय पक्षधरताका मार्क्सवादी वैचारिक चिन्तनसँग जोडेर निम्न वर्गीय जनताका पक्षमा सहानुभूति प्रकट गरिएको साहित्य नै प्रगतिवादी साहित्य हो । प्रगतिवादी साहित्यलाई जनसाहित्य पनि मानिन्छ । प्रगतिवादी आख्यानहरूमा वर्गीय चेतना र वर्गद्वन्द्वको सबल रूपमा चित्रण गरिएको हुन्छ । यस्ता आख्यानमा प्रयोग गरिएका पात्र वा चरित्रहरू सशक्त वर्ग चेतनाबाट प्रेरित भई वर्गीय सङ्घर्षमा आबद्ध भएका हुन्छन् । पात्र वा चरित्रका सकारात्मक सोच, चिन्तन तथा जनसेवामुखी क्रियाकलापहरूलाई उदात्तीकरण गरिएको हुन्छ । प्रगतिवादी आख्यानमा प्रयोग गरिएका पात्र वा चरित्रहरू न्यायप्रेमी हुन्छन् । आख्यानमा यी पात्रहरूमार्फत

समतामूलक तथा न्यायमूलक समाजका पक्षमा वकालत गरिएको हुन्छ । क्रान्तिकारी आन्दोलनको सुरुवात गर्ने, परम्परित मूल्य र मान्यताको विरोध गर्ने, सत्य तथा जुझारु चरित्रका भूमिकालाई विशेष महत्त्व दिइएको हुन्छ । वर्गीय समाजमा हुर्केका प्रगतिशील साहित्यकारहरूले आफूले देखे, भोगेका र अनुभव गरेका सामाजिक विकृति, विसङ्गति, अन्याय-अत्याचार, शोषण तथा दमनहरूको विरोध गर्दै सामाजिक रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्ने पात्रहरू उपयोग गरेका हुन्छन् । यिनै पात्रहरूमार्फत सामाजिक चेतनाको विकास गर्ने, वैचारिक पक्षधरता प्रस्तुत गर्ने, द्वन्द्वात्मक भौतिकवादी चिन्तनलाई स्थापित गर्ने, वर्गीय प्रेम तथा विपरीत वर्गीय घृणा सिर्जना गर्ने जस्ता उद्देश्यहरू प्रगतिवादी आख्यानमा राखिएको हुन्छ । आख्यानमा आख्यानकारले आफूले रोजेको मुख्य पात्रमार्फत आफ्ना विचार, चिन्तन आफ्नो स्वार्थ बोकेको वर्गमा समर्पण गरेका हुन्छन् (ज्ञवाली, २०७१, पृ. ३५९) । मार्क्सवादी आख्यानमा प्रयोग गरिएका पात्रहरू आफ्नो वर्गप्रति इमानदार, सचेत, आवश्यकताअनुसार वर्गीय सङ्घर्षलाई सहयोग गर्ने खालका हुनुपर्छ । गरिब, निमुखा, श्रमजीवी तथा सर्वहारा वर्गका गरिबी र अभावका कारण खोजी गर्नु तथा सामन्ती राज्यसत्ता तथा पुँजीवादी व्यवस्थाका विरुद्धमा क्रान्तिकारी सङ्घर्ष गर्नसक्ने जनयोद्धा जन्माउनु प्रगतिवादी साहित्यका मुख्य प्रवृत्ति नै हुन् । यस्तो साहित्यमा पात्र वा चरित्रका वर्गीय पक्षधरता, वैचारिक प्रतिबद्धता तथा प्रतिरोधी चेतना विकासमा विशेष महत्त्व दिइएको हुन्छ । पात्रमा रहेका विचार माझिएपछि वर्गीय चेतना, वर्गीय माया, वर्गीय विश्वास भाव पैदा हुन्छ । यसले आम श्रमजीवी, सर्वहारा वर्गलाई एकताबद्ध भएर विपरीत वर्गसँग सङ्घर्ष गर्न सिकाउँछ । आफूमाथि थुपारिएका अन्याय, अत्याचार शोषण, दमन बुझ्न सक्ने बनाउँछ । शोषक तथा उत्पीडक वर्गका खराब प्रवृत्तिहरू चिनाउँछ र तिनीहरूका खराब प्रवृतिप्रति घृणा गर्न सिकाउँछ ।

मार्क्सवाद गरिबी र अभावमा बाँचेका श्रमजीवी तथा सर्वहारा वर्गको विचारका रूपमा जन्मिएको दर्शन हो । जीवन र जगत्का बारेमा जस्ताको तस्तै वस्तुपरक ढङ्गबाट विशेषण गर्ने वैज्ञानिकवाद नै मार्क्सवाद हो । लेलिनका अनुसार दर्शन, राजनीति र अर्थशास्त्र नै मार्क्सवादका प्रारम्भिक स्रोत हुन् । द्वन्दात्मक तथा ऐतिहासिक भौतिकवादमा आधारित दर्शनशास्त्र,अतिरिक्र मूल्यको सिद्धान्तमा आधारित राजनीतिक, अर्थशास्त्र र सर्वहारा वर्गीय अधिनायकत्वमा आधारित वैज्ञानिक समाजवादबाट नै मार्क्सवादका आधारभूत प्रस्तावनाहरू बनेका हुन् (अर्याल, २०६८, पृ. ७८) । जीवन र जगत्मा रहेका विभिन्न वस्तु र चेतनाका बिचमा चलिरहने सङ्घर्ष र रूपान्तरणको प्रक्रियाले नै मानव समाजलाई अग्रगामी गति प्रदान गर्दछ भन्ने मान्यतामा मार्क्सवाद अडेको छ । व्यावहारिक जीवन र विज्ञान दुवैमा कसी लगाउँदै मार्क्सवाद अगाडि बढेको हुँदा यसले मानव समुदायलाई उन्नति र विकासमा अग्रगमनतिर जाने वैज्ञानिक विचारहरू प्रत्यारोपण गरेका छ । साहित्यले सांस्कृतिक, वैचारिक सङ्घर्षको साधन बनेर सर्वहारा वर्गको उद्देश्यसँग एकाकार भई आमूल परिवर्तनमा सहयोग पुऱ्याउनु पर्छ (पाण्डेय, २०६७, पृ. १५०) । मार्क्सवादले वर्गसङ्घर्षको अनिवार्य परिणामका रूपमा श्रमजीवी तथा सर्वहारा वर्गीय अधिनायकत्वलाई महङ्खव दिन्छ । यसले सर्वहारा, श्रमजीवी वर्गको अधिनायकत्वबाटै राज्यसत्ताको अधिनायकत्वको अन्त्य गर्दै मानव

जातिलाई पूर्ण स्वतन्त्रताको साम्यवादी दुनियाँमा पुऱ्याउन सकिन्छ भन्ने मान्यता राख्दछ । यसअर्थमा मार्क्सवाद सबै मानवजातिलाई पूर्ण स्वतन्त्रताको दुनियाँमा पुऱ्याउने वैज्ञानिक प्रणाली हो । यस प्रणालीमा आस्थावान् साहित्यकार तथा लेखहरू मार्क्सवादी वैचारिक चिन्तन तथा दर्शनलाई अनुशरण गर्दै आफ्ना साहित्यिक कृतिहरूमा श्रमजीवी, सर्वहारा वर्गका समस्याहरूलाई प्राथमिकता दिन्छन् ।

उत्पीडितमाथि थोपरिएको अन्याय, अत्याचार, शोषण, दमनका विरुद्धमा सशक्त आवाज दिने प्रयास गर्नु प्रतिरोधी चेतना हो । गरिबी, अभाव तथा चरम शोषण, दमनमा बाँचेका पात्रहरू पनि मार्क्सवादी आख्यानमा आफ्ना व्यक्तिगत स्वार्थलाई बेवास्ता गर्दै वर्गीय उत्थानका निम्ति सशक्त विद्रोह तथा सङ्घर्षको मैदानमा उत्रिएका हुन्छन् । यस्तो साहित्यले सामाजिक उत्पीडनमा पारिएका महिला, दलित, जनजाति, सीमान्तकृत सबै वर्गलाई सचेत गराउने तथा आफ्नो हक, हितका पक्षमा आफै बुझेर वकालत गर्नुपर्ने चेतना थपिदिने काम गर्छ । श्रमजीवी तथा सर्वहारा वर्गीय पहिचान तथा पक्षधरता पनि वर्गप्रतिरोधी चेतनाको स्तर नाप्ने कसी हुन्छ । मार्क्सवादले यस्ता विचार प्रणालीलाई आत्मसात् नगर्नेहरूलाई मार्क्सवादी मान्दैन । मार्क्सवाद आफैंमा पनि सबै दर्शन र इतिहास पचाएको वर्गसङ्घर्षको विज्ञान हो, भौतिक संसारलाई बुझ्ने र बदल्ने वैज्ञानिक पद्धति हो (लुकास, २०६७, पृ. १६) मार्क्सवादले नारी र पुरुषका बिचमा रहेको असमान शक्ति सम्बन्ध र सम्झौताको खारेज गर्दछ । उत्पादन व्यवस्था, वर्गीय समाज र पुँजीवादी संरचनालाई मार्क्सवादले लैङ्गिक विभेदको कारक मान्छ । सामाजिक, धार्मिक, सांस्कृतिक मूल्य, मान्यता तथा दृष्टिकोण र व्यवहारलाई महिला हिंसाका कारकका रूपमा त्यति महत्त्व दिँदैन तर अहिलेको समाजमा यी सबै नारी हिंसाका मुख्य कारण बनेका छन् । लैङ्गिक विभेद तथा वर्गीय विभेद उत्पादन व्यवस्था तथा पुँजीवादी संरचनामा मात्र आधारित नभई समाजका धार्मिक, सांस्कृतिक रीतिका कारण गरिने अन्याय, शोषण, दमनबाट नारीहरू आक्रान्त बनेका छन् । यही कारण नारीमा व्यक्तिगत सक्षमता विकासमा समेत प्रभाव परेको छ । मार्क्सवादका अनुसार वर्गीय दमनको अन्त्यपछि मात्र लैङ्गिक विभेद हट्न सक्छ, यसका लागि निम्नवर्गीय जनता तथा नारीहरू जागरूकताका साथ सङ्गठित भएर क्रान्तिकारी विद्रोहको अभियानमा लाग्नुपर्छ । जनविद्रोह र क्रान्तिबाट नै सबै प्रकारका सामाजिक विभेदहरू, दमन, हिंसा र शोषणहरू हटाउन सकिन्छ भन्ने मान्यतामा मार्क्सवादी दर्शन अडिएको छ । तर पुँजीवादी समाजव्यवस्था अस्तित्वको आफ्नो सुरक्षाका लागि राम्ररी जानेर नै सर्वहारा वर्गको सांस्कृतिक उत्थानलाई दमन गर्छ (पाण्डेय, २०६७, पृ. १५१) ।

मान्छे सधैं विद्रोही बन्न रुचाउने प्राणी हो । मान्छेले कहिले प्रकृतिसँग त कहिले समाजका विकृति विसङ्गति र व्यक्तिहरूसँग विद्रोह तथा क्रान्ति गइरहेको हुन्छ । सामाजिक विसङ्गतिहरूसँग विद्रोह तथा क्रान्ति नगरी सामाजिक रूपान्तरण पनि हुँदैन । पुराना रूढीवादी, अन्धविश्वासी खराब मूल्य, मान्यतालाई भत्काएर तथा सबैले स्वीकार गरेका असल मूल्य, मान्यताहरू स्थापित गर्नका लागि समाजमा वर्गीय सङ्घर्ष तथा अन्तरविरोधहरू चलिरहन्छन् । यसकै परिणाम स्वरूप नवीन

सभ्यताको विकास हुन्छ । वैज्ञानिक खोज तथा अनुसन्धानहरू थपिँदै जान्छन् । यसरी समानान्तर रूपमा चलिरहने वर्गीय सङ्घर्ष, अन्तरविरोध तथा वर्गीय टकरावहरूको प्रत्यक्ष प्रभाव कला र साहित्यमा पनि परेको हुन्छ । वर्गीय समाजमा हुर्केका साहित्यकारले आफ्नै वर्गको सेवा गर्ने गरेर साहित्य रचना गरेका हुन्छन् । तसर्थ यस लेखमा निम्नवर्गीय मुक्तिको खोजी गरिएको मोक्ष उपन्यासमा अभिव्यक्त उत्पीडित वर्गीय उत्थान, जनयुद्ध लडेका योद्धाहरूका वैचारिक चिन्तन, पक्षधरता तथा प्रतिरोधलाई अध्ययनकको मुख्य विषयवस्तु बनाइएको छ ।

'मोक्ष' उपन्यासमा मार्क्सवादी क्रान्तिकारी विचारधारामा प्रतिबद्ध नारी पात्रहरू प्रयोग गरिएको छ । यहाँ निजी स्वार्थ र आवश्यकताहरू त्यागेर निम्नवर्गीय उत्थान र मुक्तिका निम्ति जनयुद्धमा लामबद्ध भएका नारीहरूका परिवेश तथा वैचारिक चिन्तनहरू सशक्ति रूपमा प्रस्तुत गरिएका छन् । यस उपन्यासका बारेमा सामान्य टीका, टिप्पणीहरू अन्य दृष्टिकोणहरूबाट गरिए तापनि वर्गचेतना तथा वर्गद्वन्द्वका दृष्टिले अध्ययन नगरिएको हुँदा यस लेखमा मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादी मान्यताअनुसार मोक्ष उपन्यासमा प्रयोग गरिएका नारी पात्रहरूका वर्गचेतनामा आधारित पक्षधरता तथा प्रतिरोधी भूमिका अध्ययन गर्नु नै मुख्य उद्देश्य बनाइएको छ ।

## ५. 'मोक्ष' उपन्यासका नारीचरित्रमा वर्गचेतना

'मोक्ष' उपन्यासमा आदित्य अन्य सबै पात्रहरूको परिचय दिने, अन्य पात्रहरूका कार्यका सन्दर्भ तथा अनुभूतिहरूसमेत आफैले देखेको, भोगेको जसरी वर्णन गर्ने तथा आख्यानकारका चिन्तनसमेत प्रस्तुत गर्ने मुखपात्रका रूपमा रहेको छ । ऊ उपन्यासको सुरुदेखि अन्त्यसम्म रहेको पात्र हो । उपन्यासमा अन्य थुप्रै पात्रहरू प्रयोग गरिएका छन् । यी पात्रहरूमध्ये यहाँ नारी पात्रहरूको वर्गचेतना अध्ययनलाई प्राथमिकता दिइएको छ । उपन्यासमा वर्गीय चेतनाबाट उत्प्रेरित र प्रशिक्षित थुप्रै नारी पात्रहरूको प्रयोग गरिएको छ । नेतृत्व तहमा पुगेर सबल रूपमा सांस्कृतिक, विद्यार्थी र युद्ध मोर्चा सह्मालेका प्रतिनिधि नारी पात्रहरू शारदा, इच्छा, सलिना उपन्यासका सहायक पात्र हुन् भने अन्य नारी पात्रहरूमा तारा कुमाल, चुनु, आकृति, सुरक्षा, अम्बिका, आदित्यकी आमा, इमा, दिलाशा आदि गौण पात्रका रूपमा आएका छन् । इमा र आमाबाहेक सबै नारीहरू गरिबी, अभाव, शोषण, दमनबाट मुक्तिको खोजी गर्दै जनयुद्धमा लामबद्ध भएको देखिन्छ । यिनीहरूको एकमुष्ट परिचय उपन्यारमा यसरी व्यक्त गरिएको छ :

"… आउनेजति सबै आएका थिए अभावको आँगनबाट । आफ्नै खलकको पीडा थियो सबैसँग । बुझ्नुहुन्थ्यो आमा सबैका दुःख । थोरै बुझेर आएका हुन्थे, बुझे भन्नेले पनि । बुझ्नुपर्ने बेग्लै संसार बाँकी हुन्थ्यो यता । सोचेभन्दात फरक थियो युद्ध । देखेभन्दा जटिल थियो हिड्नुपर्ने बाटो (पृः २६) ।"

उपन्यासमा इच्छाका बारेमा उपन्यासमा यसरी टिप्पणी यसरी गरिएको छ :

"तेज थिई पढाइमा । पार्टीले बुर्जुवा शिक्षा नपढ्ने नीति लिएपछि कलेज छोडी उसले । गतिलो शैक्षिक प्रमाणपत्र छैन हातमा । नापिन योग्य तिघ्रा, छाती र उचाइ छैन ऊसँग । ऊ कतै नापिएर गएकी होइन युद्धमा (पृः ८८) ।"

कतिपय योद्धाहरू यसरी नै बुर्जेवा शिक्षाले वैज्ञानिक चेत र सिप दिन नसकेको भनी विरोध गर्ने माओवादी पार्टीको मान्यता मानेर पढाइ छोडी पार्टीमा आबद्ध भएका देखिन्छन् । उनीहरूमा पुँजीवादी व्यवस्थाका शासकले गरेका शोषण, दमन र अन्यायका विरुद्धमा विद्रोह गर्नैपर्ने चेतना गाउँकै प्रगतिशील चेत भएका शारदा जस्ता व्यक्त तथा विभिन्न सभाहरूमा भेट हुने नेताहरूले भरिदिएको देखिन्छ । उपन्यासमा कतिपय नारी पात्रहरू आख्यानीकरणका क्रममा तानिदै र हराउँदै गएका पनि  छन् । यी सबै पात्रहरूका बारेमा परिचय दिने तथा उनीहरूले भोगेका, देखेका र अनुभूति गरेका घटनाहरूको वर्णन गर्ने काम पनि आदित्यबाट नै भएको छ । उपन्यासमा शारदा र इच्छाका बारेमा बढी वर्णन गरिएको हुँदा यिनै पात्रमार्फत वर्गचेतना पहिल्याउने प्रयास गरिएको छ ।

शारदा सांस्कृतिक कार्यक्रमहरूमार्फत क्रान्तिकारी आवाजलाई बुलन्द पार्दै गाउँ-बस्तीमा जनचेतना फैलाउन हिँड्ने सक्रिय पात्र हुन् । पढाइमा सिपालु शारदाले गरिबी र अभावकै कारण पढाइ छोडेर सदियौंदेखि विभेद, शोषण, दमन, गरिबी, अभाव सहन विवश आम नागरिकको पक्षमा सशक्त आवाज उठाएको देखिन्छ । युवासुलभ जोस र हिम्मत रहेकी शारदा जनवर्गीय युद्ध जितिन्छ भन्नेमा उनी ढुक्क थिइन् । उनमा सत्यतथ्यमा आधारित कलात्मक अभिव्यक्तिबाट युवावर्गलाई प्रभावित बनाउन सक्ने क्षमता रहेको कुरा उपन्यासमा यसरी व्यक्त गरिएको छ :

"सांस्कृतिक फाँटमा विचारको पाठ पढाउँथिन् शारदा । युवाहरूको कलिलो मस्तिष्कमा विचार भरेर बनाउँथिन् पूर्णकालीन छापामार (पृ. २७) ।"

उनकै गला र कलाबाट धेरै युवाहरू जनयुद्धमा लामबद्ध हुने परिस्थिति बन्दा शासक वर्ग शारदासँग डराइरहेका थिए । यही कुरालाई उपन्यासमा यसरी अभिव्यक्त गरिएको छ :

"एउटी शारदाको कारणले लाखौं योद्धा जन्मन सक्ने खतरा थियो शासकलाई । हरेक दिन चुनौतीको बाटोमा थिइन् शारदा । घरबाट जानु अघिल्लो दिन भनेकी थिइन् - समय कुल्चिएर हिँड्छन् साहसी योद्धाहरूले । र अथक यात्रामा छन् योद्धाहरू । विजयको खबर लिएर आउँछन् जनताका छापामारहरू (अविरल, २०७८, पृ. ४३) ।"

विभिन्न किसिमका समस्या र बाधाहरूलाई पन्छाउँदै क्रान्तिकारी सांस्कृतिक मोर्चामा सहभागी भएकी शारदा सामाजिक, सांस्कृतिक रूपान्तरणमा सक्रिय अभियन्ता बनेको देखिन्छ । उनी तत्कालीन समयमा कला, साहित्यका माध्यमबाट क्रान्तिकारी अभियान चलाउने भूमिकामा सक्रिय

भएर लागेका नारीहरूको प्रतिनिधि पात्र हुन् । सामना सांस्कृतिक टोलीमा आबद्ध भएकी शारदा खुशीराम पाखिन, कृष्णसेन इच्छुकसँगै क्रान्तिकारी सांस्कृतिक कार्यक्रम प्रदर्शन गर्न रोल्पा पुगेका घटनाक्रम तथा जनयुद्धमा शारदाको उत्साहजनक सहभागितालाई उपन्यासमा यसरी व्यक्त गरिएको छ :

"रोल्पामा हिँड्दा छुट्टै उत्साह देखेँ उनको अनुहारमा । पाखिन दाइ, कृष्ण सेन इच्छुक, चुनु गुरुङसँग पुगिन् रोल्पाको थवाङ । क्रान्तिको बिम्ब बनेको थियो थवाङ । अद्भुत थियो शारदाको प्रतिभा । सामना सांस्कृतिक परिवारको साङ्गीतिक कार्यक्रमले तरङ्ग ल्यायो रोल्पामा । सिस्ने र जलजलाको गीत गाएर नाचिन् बेस्करी । अनिदो आँखामा रातभर हेरिरह्यो रोल्पाले शारदालाई । चितवनकी चेलीलाई सलाम गरे थवाङका योद्धा बरमन बूढाले । हेरे आँखामा नियालेर र देखे क्रांन्तिको झिल्को । सिङ्गो देश हल्लाएको रोल्पा आफै हल्लियो शारदाको गीत र नाचले । गाउँदा-गाउँदै आँसु पुछे पाखिन दाइले । र, बरमन बुढालाई हेरिरहे सेन इच्छुकले । सिङ्गो रोल्पा थियो बरमन बुढाको आँखामा । यिनको सलाम नै सिङ्गो रोल्पाको सलाम थियो, शारदा र चितवनलाई (पृ. ४१-४२) ।"

यसरी सामना सांस्कृतिक अभियानमा सहभागी भएर कान्तिकारी गीत गाउँदै र नाच्दै हिँडेकी शारदामा वर्गीय सचेतना सबल थियो, अरूलाई पनि प्रभावित बनाउन सक्ने अद्भुत प्रतिभा थियो । त्यही कारण हतियारबद्ध शासकहरू पनि एउटा हातहतियारविहीन नारीसँग डराइरहेका थिए । उनी वर्गीय सामाजिक-सांस्कृतिक उत्थान र रूपान्तरणका लागि विचार र पार्टीप्रति प्रतिबद्ध भएर, वर्गीय प्रतिरोधी चेतनाका साथ सांस्कृतिक अभियानमा गतिशील भएर हिँडेको देखिन्छ । प्रगतिवादी सांस्कृतिक कार्यक्रम, कला, साहित्य, शोषक समाजव्यवस्था विरुद्ध मुक्तिगामी वर्गको वैचारिक सङ्घषको शक्तिशाली माध्यम र हतियार पनि हुन्छ (पाण्डेय, २०६७, पृ. १४७) । तसर्थ उनले जनयुद्धमा सामेल हुन आएका योद्धाहरूलाई क्रान्तिकारी सांस्कृतिक कार्यक्रमा सहभागी गराउने । गीत गाउन, नाच्न सिकाउने र जनयुद्धमा कसरी सक्रिय हुने भन्ने बारेमा समेत प्रशिक्षण दिने काम गरेको देखिन्छ । गाउँ, बस्ती डुलेर क्रान्तिकारी तथा जनमुक्तिका गीत सङ्गीतका माध्यमबाट जनजागरण बिस्तार गर्ने शारदामा जनवर्गीय चेतना भरपुर रहेको देखिन्छ । उनी माओवादी जनयुद्धलाई सहयोग गर्ने योद्धाहरूलाई प्रशिक्षण दिने पात्र पनि हुन । गरिबी र अभावमा बाँचेका तथा सामन्त, शोषक वर्गका दमन र शोषणमा परी किनारामा धकलिएका जनताहरूको वर्ग नै शारदाको वर्ग रहेको देखिन्छ । उनी यही वर्गमा समाहित हुँदै शोषक तथा परजीवी शासक वर्गका विरुद्धमा आवाज बुलन्द पार्दै तिनका किल्लाहरूमा क्रान्तिकारी धावा बोल्दै हिँड्ने प्रतिनिधि पात्र हुन् । यसबाट माओवादीले सुरुवात गरेको जनयुद्धमा शारदाजस्ता थुप्रै वीर तथा साहसी महिला जनयोद्धाहरूको महत्त्वपूर्ण त्याग र समर्पण रहेको कुरा स्पष्ट हुन्छ । उनका साहसिक क्रियाकलाप उपन्यासमा यसरी व्यक्त गरिएको छ :

"... अचम्मको थियो शारदाको व्यक्तित्व । मसिनो र मखमली स्वर । नृत्य र गायन मात्र होइन, जादुमय हुन्थ्यो प्रशिक्षण कला पनि । हामीले छुटाएको कुरा खोज्थिन् समाजमा । र देख्थिन् हामीले नदेखेको कुरा । यही समाज छामेर लेख्थिन् अरू कसैले नलेखेको कुरा । प्रेमको चित्रण गर्थिन् अलग तरिकाले । भन्थिन् "युद्ध हो डाकुको पहिलो प्रेम (पृ. ६४) ।"

जनयुद्धमा लामबद्ध भएका छापामारहरूलाई प्रशिक्षण दिने क्रममा उनको जोशिलो अभिव्यक्ति वर्गीय प्रेमले भिजेको देखिन्छ । शारदा जनयोद्धाहरूलाई प्रशिक्षण दिँदा जोसि, होस र जाँगर भरिदिने क्रान्तिकारी अभियन्ताका रूपमा देखिन्छिन् । चलाख र सचेत पाइला चाल्न सक्ने कला र गला भएको हुँदा उनी सामन्ती सत्तावर्गको तारो बनिन् । नेतृत्वको क्षमता बुझ्नु तथा त्यसलाई दरिलो बनाउनु नै आमूल परिवर्तनमा लागि पङ्क्तिबद्ध कलाकार तथा साहित्यकारको काम हो (पाण्डेय, २०६७, पृ. १४७) । यही काम शारदाले गरेका कारण उनलाई सांस्कृतिक कार्यक्रममा जाँदा सादा पोसाकमा गएका सेनाले गिरफ्तार गरी कायरतापूर्वक मारेको देखिन्छ । शारदा तत्कालीन अवस्थामा राज्यसत्ताबाट माओवादी जनयुद्धमा आबद्ध भएकै कारण मारिएका गला र कला भएका चेलीहरूक प्रतिनिधि पात्र  हुन् ।

उपन्यासमा जनयुद्धका छापामार बनेका इच्छा, सलिना, दिलाशा, आकृति, अम्बिका जस्ता नारी पात्रहरूमा पनि वर्गचेतना, वर्गपक्षधरता, उच्च प्रतिरोधी चेतना तथा वर्गीय सङ्घर्षलाई सफल बनाउने तीव्र चाहना रहेको देखिन्छ । समाजको आमूल परिवर्तन नहुँदासम्म क्रान्ति रोकिनु हुँदैन भन्ने यी पात्रहरूमध्ये सलिना र अम्बिका जनयुद्ध शान्ति प्रक्रियामा रूपान्तरण भएपछि पनि विद्रोह गरेर निरन्तर क्रान्तिमा लागेको देखिन्छ भने इच्छा अयोग्य घोषणपछि निराश बनी बौद्धमार्गमा लागेको तथा दिलाशा सचेत रूपमा नै नेतृत्व तहमा पुगेपछि बिदेसिएको देखिन्छ । शान्ति प्रक्रियामा लडाकुको विचार मारेर भुत्ते पार्ने तथा नेतृत्व विलासितामा बिकेपछि योद्धाहरूमा आएको असन्तोष उपन्यासमा यसरी व्यक्त गरिएको छः:

"सुविधाभोगी हुँदै गयो नेतृत्व । घोर अपमान भयो घाइते, बेपत्ता र सहिद परिवारको । साम्राज्यवादीहरूको खेललाई चिर्न सकेन नेतृत्वले (पृ. ६७) ।"

सामन्ती पुँजीवादी शासन सत्ताले दिएको उत्पीडन र दलहनबाट मुक्ति र न्यायको खोजी गर्दै सुरुवात गरिएको जनयुद्धमा वर्गीय चेतना र वर्ग पक्षधरताका साथ सहभागी हुने आकृति, शारदा, अम्बिका, सलिना, दिलाशा र इच्छा छापामार नारीहरूका प्रतिनिधि पात्रहरू हुन् । यी सबै पात्रहरू सामाजिक विभेद र दलनबाट मुक्तिको खोजी गर्दै न्यायमूलक समाज निर्माणका लागि वैचारिक प्रतिबद्धता तथा वर्गीय प्रतिबद्धताका साथ पार्टी पद्धति र नियमअनुसार जनयुद्धमा आबद्ध भएको देखिन्छ । वर्गीय चेतना र वर्गीय पक्षधरताका साथ जनयुद्ध सुरु भएको दुई वर्षमा नै आफैंले बोकेको बम पड्केर आकृतिले सहादत प्राप्त गरेको कुरा उपन्यासमा सङ्केत गरिएको छ ।

जनयुद्धमा लागेका छापामारहरूले विश्वमा भएका कम्युनिष्ट आन्दोलनका सफलता र असफलताका कथा सबै पढेर इतिहासबाट पाठ सिकी सचेत बाटो अवलम्बन गर्नुपर्छ भन्ने मान्यता पार्टीमा रहेको देखिन्छ । त्यसैले जनयुद्ध कलम र बन्दुक दुवैको सहाराले लडिएको थियो । यही कुरा शारदामार्फत उपन्यासमा यसरी व्यक्त भएको छ :

" .... अब तपाईँहरूले समय दिनुपर्छ अध्ययनका लागि । हतियारले मात्रै चल्दैन युद्ध । विचारसहितको हतियार चाहिन्छ युद्ध जित्न । पढ्नुहोस् विश्वक्रान्तिको इतिहास । बन्दुक मात्र त केही होइन विचारसहित उठेको युद्ध मात्र सफल भएको छ संसारमा (पृ. ६४) ।"

सामाजिक संरचनामा भाषा, संस्कृति, साहित्य, वैचारिक चिन्तनले विशेष महत्त्व राख्छन् । यसैको टेकोमा वर्ग, स्त्री तथा जातद्वैषी संस्कृति र विचारशैली विकास भएपछि त्यसलाई भत्काउन कठिन हुन्छ । यही कठिन काममा लागेर तमाम विभेद र दलहनबाट मुक्तिको बाटो खोज्दै जनयुद्धमा नारीहरू पनि लामबद्ध भएको देखिन्छ । आकृति, शारदा, अम्बिका, सलिना र इच्छा कयौं महिलाहरूले माओवादी जनयुद्धमा नै आफ्नो जीवन र यौवन समर्पण गरेको रहस्य यसले उद्घाटन गरेको छ ।

समतामूलक तथा न्यायमूलक समाज निर्माणको महान् यात्रामा लागेकी शारदा जनयुद्धमा लामबद्ध हुन आइपुगेका इच्छा र आविष्कार जस्ता नयाँ नयाँ युवाहरूलाई प्रशिक्षण दिने पात्र हुन् । प्रशिक्षित भएर जनयुद्धममा जाँदा इच्छामा उदय भएका भावना उपन्यासमा यसरी व्यक्त भएको छ :

"मान्छेभन्दा ठुलो बन्दुक । सपनाको गरुङ्गो भारी ऊसँग । एउटा आफ्नै सपना । अर्को माओवादी युद्धले देखाएको सपना । बदलियो बिस्तारै उसको सपना देख्ने तरिका । देख्न छोडी कुनै सेतो घोडामा सपनाकै बाटो भएर आउने राजकुमारलाई । बरु देख्न थाली कुनै निख्खर कालो घोडामा युद्ध जितेर फर्किएको सपनाको लडाकु । त्यही लडाकु, जसको नेतृत्वमा लड्न चाहन्थी एउटै मोर्चामा । बरु ऊ तयार थिई, सहादत प्राप्त गर्न । जितोस्, उसको लडाकुले र फर्कियोस्, विजयको माला पहिरिएर (पृ. ८२) ।"

तत्कालीन युद्धकै समयमा छापामार लडाकु विद्रोहसँग प्रेम र बिहे गरेकी इच्छा विद्रोहले सहादत प्राप्त गरेपछि निराश नबनी वारपारको युद्ध लड्न तयार भएको भाव उपन्यासमा यसरी आएको छ :

सानी भए पनि निडरयोद्धा हो इच्छा । विद्रोह ढलेकै समयमा बोली त्यही ठाउँमा उभिएर, "साथीहरू अब लड्ने मन छ वारपारको लडाइँ । संसारमा कहिल्यै रोकिँदैन युद्ध । लडेरै प्राप्त हुन्छ जनताको अधिकार । अब तयार हुनुहोस् मर्न र मार्न (पृ. ७२) ।"

यस्तो कठिन परिस्थितिमा पनि मन समालेर युद्ध लडेकी इच्छा वर्गीय उत्थानका मुद्दामा सचेत रहेको देखिन्छ । जनयुद्ध कालमा नै विभिन्न समस्याको सामना गर्दै छोराकी आमासमेत बनिसकेकी इच्छा जनयुद्ध रोकेर शान्ति प्रक्रिया भनी क्यान्टेन्मेन्टमा थुनिनु पर्दा तथा अयोग्य लडाकु हुँदा नेतृत्वप्रति आक्रोशित भएको देखिन्छ । सुरुवातमा निकै जोश र जाँगरका साथ जनयुद्धमा आबद्ध भएकी इच्छाको पहिलेको जनयुद्धप्रतिको मोह र पछिल्लो स्थिति उपन्यासमा यसरी व्यक्त भएको छ :

"एउटा पूर्वलडाकु । छट्पटिएकी थिई आफ्नै विगतसँग । अमिलो थियो उसको वर्तमान । उहिले-उहिले व्यवस्था परिवर्तनको सपना थियो उसको आँखामा । मर्ने र मार्ने युद्धमा सामेल भएकी लडाकु । आँखाभरि पानी छ अहिले ऊसँग (पृ. १९३) ।"

यसरी वर्गीय प्रेम, वैचारिक प्रतिबद्धता तथा प्रतिरोधी सचेतनासाथ माओवादी जनयुद्धमा आफ्नो जीवन र सपनाहरू समर्पण गरेकी इच्छामा क्रान्ति नसकिँदै शान्ति प्रक्रियामा लगेर आफूलाई नै अयोग्य ठहर गरिनुले अभिघात भएको देखिन्छ । त्यसपछि जीवनप्रति नै निराश बनेको भाव उपन्यासमा यसरी व्यक्त भएको छ

"कहिल्यै बिर्सन नसक्ने युद्धको कोलाज छ आँखामा । त्यही युद्धमा जीवन हराई इच्छाले । गुमेको समयको लौरो टेकेर आइपुगी मनको बलेंसीमा । महिनौँदेखि यतातिर नआएकी इच्छा केही लेख्दिन देवलाई म्यासेन्जरमा । संसार जितेर उभिएको योद्धा पनि सायद हार्छ आफैसँग" (पृ. १९५) ।"

युद्धको मैदानमा नै आफ्नो नीवन साथी सहादत हुनु, कन्टेनरमा हतियार थन्क्याएर क्रान्ति रोकिनु तथा उसलाई अयोग्य लडाकु बनाउने घटनाक्रमले शान्तिप्रक्रियामा आएपछि इच्छा जस्ता कयौं योद्धाको आस्था र विश्वास ढलेको देखिन्छ । यसले कतिपय क्रान्तिकारी योद्धाहरूलाई अभिघात भएको देखिन्छ । सशक्त क्रान्ति गर्ने इच्छा हुँदाहुँदै अयोग्य लडाकुको कित्तामा परेका इच्छा र आविष्कार जस्ता योद्धाहरूलाई आफ्नो ऊर्जाशील उमेर खेर गएको अनुभूति गरेका कुरा उपन्यासमा यसरी व्यक्त गरिएको छ :

इच्छालाई अविश्वास लाग्यो आफैंमाथि । हिँडेर आएको युद्धको बाटो र टेकिरहेको जमिनप्रति । अविष्कारले जस्तै सोची, "किन उभ्याएको हो, यो विचार मर्दै जाने शिविर ? उत्पीडित, दलित र पिँधका मान्छेको भाग्य बदल्न उठाएको हतियार किन राखिएको हो, कन्टेनरमा ? (पृ. ८६) ।"

यही कारण शान्ति प्रक्रियापछि इच्छा जस्ता कतिपय लडाकुले पलायनको बाटो समातेको पनि देखिन्छ । ऊजस्तो वर्गीय उत्थानमा सचेत भएर लागेको लडाकु बौद्ध गुम्बामा भिक्षु बनेको

देखाउनु उपन्यासको कमजोर पक्ष रहेको देखिन्छ । त्यस्तै गरी सशक्त योद्धाहरूलाई यहाँसम्म आघात पुऱ्याउनुमा नेतृत्वको कमजोरी पनि देखिन्छ । अन्यथा इच्छा पनि यस उपन्यासकी वर्गचेतनासहित जनमुक्ति मोर्चामा सामेल भएकी गतिशील नारी पात्र रहेको देखिन्छ ।

यस उपन्यासको अन्त्यतिर देखिएका अम्बिका र सलिना जनयुद्धकालीन क्रान्तिको निभाएर शान्ति प्रक्रियामा दमन गरेपछि पनि सहिदका सपना पूरा नभएको उद्घोष गर्दै सशक्त क्रान्तिमा लाग्ने, वर्गीय प्रेम र वर्गीय चेतनाले ओतप्रोत भएकी पात्र हुन् । उपन्यासमा यिनीहरूलाई थोरै स्थान दिइएको छ । यी समतामूलक तथा न्यायमूलक समाज निर्माणका लागि राज्यसत्ता र यसका संयन्त्रहरूको विरुद्धमा अझै क्रान्ति गर्नैपर्छ भन्ने पात्र हुन् । अनमिनले योग्य लडाकु ठहर गरे तापनि सेना समायोजन त्यागेर क्रान्तिको बाटो नै समाउने सलिना वैचारिक प्रतिबद्धता र वर्गसङ्घर्ष कहिल्यै नत्याग्ने नारी पात्र हुन् । पार्टीको संशोधनवादी प्रवृत्तिको विरोध गर्दै क्रान्तिलाई निरन्तरता दिनुपर्छ भन्ने धारणा उनमा रहेको देखिन्छ । उनी उपन्यासको अन्त्यतिर देखापरे तापनि सशक्त क्रान्तिकारी चेतना बोकेर जनयुद्धमा लागेकी पात्र रहेको कुरा उपन्यासका यसरी व्यक्त गरिएको छ :

"निकैबेर सोचेर बोली सलिना, संसारमा कहिल्यै सकिँदैन प्रेम र युद्ध । समयको माग हो परिवर्तन । निमित्त नायकहरूले पराजय स्वीकार्ने भनेको युद्ध सकिनु होइन । समयको युद्ध चल्छ समयसँगै (पृ. २२३) ।"

आफ्नो धारणा दृढतासाथ प्रस्तुत गर्ने तथा जनयुद्धमा सक्रिय भूमिकामा रहेर काम गर्ने छापामार सलिनाको जोस र होस उपन्यासमा यसरी व्यक्त गरिएको छ :

"सबै छापामारहरूको उस्तै थियो भाषा । म मौन भएँ, उसको अनुहार हेरेर । सल्किरहेको आगो थियो त्यो अनुहारमा । ऊ मान्नै तयार थिइन युद्ध सकिएको छ भनेर (पृ. २२३) ।"

माओवादी जनयुद्धमा लागेकै कारण गिरफ्तारमा परेर जेलमा थुनिएकी पूर्वछापामार सलिनाको आफ्नै गर्विलो इतिहास छ । गोरखा जेलमा परेका बेला सुरुङ खनेर जेलबाट भाग्न सफल भएका छ जना महिला छापामारहरूमध्ये एक जना सलिना रहेको परिचय उपन्यासमा दिइएको छ । सामन्ती सत्तालाई ठाडो चुनौती दिने सलिनाका क्रियाकलाप उपन्यासमा यसरी अभिव्यक्त गरिएको छ :

झोलाबाट रातो खबर नामक पत्रिका देखाउँदै भनी, "युद्धमा नै छौँ हामी । कसैले रोकेर रोकिँदैन युद्ध । समय बदलिन्छ र समयसँगै नेतृत्व ।, निकै चर्को थियो उसको आवाज ।", "अनमिनद्वारा योग्य घोषित भएर पनि सेनासमायोजनमा नगएकी पूर्वछापामार थिई ऊ, जोसँग थिए युद्धका अनेक कथा । यही साँझ उसैले सुनाएकी हो, गोरखा जेल ब्रेकको बारेमा ।" ... "छ जनाको

समूहले जेलब्रक गऱ्यो गोरखामा । सानो कुरा होइन यो । आँट, धैर्यता, साहसका प्रतिमूर्ति । त्यही दिन पुगेको हो हाम्रो युद्ध नयाँ उचाइमा (पृ. २२४) ।"

सलिना जस्ता साहसी महिला छापाममारहरू माओवादी जनयुद्धमा रहेका कारण नै दमनकारी राज्यसत्ताधारीलाई चुनौती थपिएको देखिन्छ । सलिनाका यी अभिव्यक्तिले अझै पनि सशक्त क्रान्तिकारी जोस र होस भएका जनयोद्धाहरूलाई क्रान्ति गर्न आह्वान गरेको देखिन्छ । समग्र शोषण, दमन र विभेदबाट मुक्तिका लागि जनयुद्धमा पुरुष सरह नारीहरूले पनि साहसिक युद्ध छेडेका थिए भन्ने रहस्य यसले उद्घाटन गरेको छ । सामन्ती राज्यव्यवस्थाको कठोर जेल, नेल भत्काएर माओवादी जनयुद्धमा लागेका नारीहरूले वीरतापूर्ण युद्धकला प्रदर्शन गरेको देखिन्छ । सलिना र अम्बिका तिनै योद्धाहरूमध्येका सशक्त क्रान्ति चेतनाले प्रशिक्षित प्रतिनिधि पात्र हुन् । त्यसैले उनीहरू जनताले मुक्ति र स्वतन्त्रताको अनुभव गर्न नपाएसम्म अनवरत रूपमा क्रान्ति गरिरहन तयार देखिन्छन् । नेतृत्व वर्गले क्रान्ति रोकियो भने तापनि क्रान्ति र युद्ध कहिल्यै रोकिँदैन भन्दै पार्टीबाट नै विद्रोह गरी अझै क्रान्ति यात्रामा आबद्ध हुने सशक्त तथा गतिशील योद्धाहरूको प्रतिनिधित्व उनीहरूले गरेका छन् । यस उपन्यासमा सुरुवातमा युद्धप्रति कुनै पनि आकर्षण नभएको, दार्शनिक चेत रहेको शिक्षक देव पनि सलिनाकै वर्गीय चेतना र वर्गप्रेममा समाहित भई उपन्यासको अन्तिममा क्रान्तिकारी विद्रोहमा आबद्ध भएको छ । यसले वर्गीय चेतनाले वर्गप्रेम निर्माण गर्छ, क्रान्ति र युद्ध कहिल्यै पनि सकिँदैन, जीवनमा युद्ध निरन्तर जारी हुन्छ, रोकिँदैन भन्ने रहस्यसमेत उद्घाटन गरेको छ । यसले वर्गीय समाजका विकृति, विसङ्गतिहरू तथा बेथितिहरूका विरुद्धमा सधैँ विद्रोह र क्रान्ति गरिरहनुपर्छ भन्ने सङ्केत गरेको छ । जीवन रहेसम्म समाज रहन्छ, मानिसका उद्देश्य र स्वार्थ बाझिनासाथ वर्ग निर्माण हुन्छ । वर्गसमाजमा वर्गीय सङ्घर्ष र अन्तरविरोधहरू सधै रहन्छन् । वर्गीय अन्तर्विरोधहरूले समाधानको बाटो पाएनन् भने क्रान्तिकारी विद्रोह चलिरहन्छ भन्ने प्रगतिशील चेत यस उपन्यासले दिएको छ । तुलनात्मक रूपमा शान्ति प्रक्रियापछि इच्छामा निराशाभाव पैदा हुँदा वर्गपक्षधरता कमजोर भएको देखिन्छ । भौतिकवादी चिन्तन र दर्शनलाई व्यवहारमा उतार्ने इच्छा दुधेबालक मिल्काएर बौद्धगुम्बामा बस्न गएको देखाउनु अस्वाभाविक देखिन्छ । विचारको धार मारेर र पुराना घाउहरू कोट्याएर उसका गुनासाहरूलाई स्थान दिइएको छ । गुनासोको साहित्यले आफ्ना दुःखहरू बयान गरेर उत्पीडकहरूमा सुरक्षाको भावनालाई अझ दरिलो बनाइदिन्छ (श्युन, २०६७, पृ:३७८) । यस उपन्यासमा कतिपय पात्रका बारेमा गरिएका वर्णनहरू यस्तै प्रकृतिका छन् । यस्तो कमजोरीले पुँजीवादी बुर्जेवाहरूलाई सहयोग गर्ने देखिन्छ यस उपन्यासमा सक्रिय भूमिकामा रहेका नारीहरूमध्ये शारदा, सलिना, अम्बिका भने अन्त्यसम्म नै सचेत वर्गीय चेतना, प्रतिरोधी चेतना र वर्गीय पक्षधरताबाट निर्देशित भई वर्गद्वन्द्वमा आबद्ध भएका गतिशील पात्रहरू रहेका छन् ।

## ६. निष्कर्ष

क्रान्तिकारी सामाजिक रूपान्तरणको सपना देख्नु भनेको समग्र जनताको उत्थान तथा

मुक्तिका लागि क्रान्तिकारी आदर्शप्रति प्रतिबद्ध रहनु हो । यस उपन्यासमा प्रयोग गरिएका नारी पात्रहरूमा वर्गीय प्रतिरोध, वर्गीय प्रतिबद्धता, क्रान्ति चेतना तथा राष्ट्रवादी भावना रहेको देखिन्छ । नारीपात्रहरू वैचारिक प्रतिबद्धताका साथ जनमुक्तिमोर्चामा आवद्ध भएका छन् । जनयुद्धमा सहभागी योद्धाहरूले गरिबी र अभावमा बाँचेका, शोषित उत्पीडित जनताको मुक्तिलाई आफ्नो मुक्ति बनाएका थिए । यही कुरालाई 'मोक्ष' उपन्यासका नारी पात्रहरूले प्रमाणित गरेका छन् । सामन्ती पुँजीवादी राज्यव्यवस्थाका संयन्त्रहरूले चर्को दमन, शोषण र यातना दिँदादिँदै पनि आफूलाई दरिलोसँग स्थापना गर्न साहसी पाइला चाल्ने वर्गीय पात्रहरू उपन्यासमा प्रयोग गरिएको छ । यी पात्रहरूले समतामूलक तथा न्यायमूलक समाजका निम्ति अझै क्रान्ति गर्नैपर्ने सन्देश दिएका छन् । नेपाली वर्गीय समाजमा वर्ग रहुन्जेलसम्म वर्गीय स्वार्थ उद्देश्य र आवश्यकताहरू रहिरहन्छन् । यहीकारण वर्गीय अन्तरविरोध र सङ्घर्षहरू पनि भइरहेका छन् । यही अन्तर्विरोध र सङ्घर्षले सिर्जना गरेको विशेष द्वन्द्वको कारण र परिणतीलाई यस उपन्यासमा चित्रण गरिएको छ । त्यसैले मानवसमाज रहेसम्म क्रान्तिकारी युद्ध रोकिँदैन । मानवीय जीवनको महत्त्वपूर्ण उपज क्रान्ति र परिवर्तन नै हो भन्ने सन्देश उपन्यासले दिएको छ ।

लामो जनयुद्ध लडेर आएकी इच्छा शान्ति प्रक्रियामा रूपान्तरण भएपछि तथा अयोग्य लडाकुका रूपमा आफ्नै गाउँमा, उस्तै र उही किनारामा फर्कनु परेपछिका निराशामाफर्त नेतृत्वका काजोरीहरूलाई व्यङ्ग्य गरिएको छ । क्रान्तिकै बाटो समातेर अरू पात्रहरू अझै सशक्त वर्गीय युद्ध गर्नेपर्छ भन्नेमा सकारात्मक रहेको देखाई विकृतिप्रतिको विद्रोह निरन्तर प्रक्रिया रहेको वर्गचेतना थपिदिएको छ । जनयुद्धसँग जोडिएका आमा, इच्छाबाहेक अन्य नारी पात्रहरूमा क्रान्तिकारी तथा आशावादी जीवनदृष्टि रहेको देखिन्छ । वैचारिक पतनहरुलाई त्यागेर वर्गसङ्घर्षमै समाहित हुने सङ्कल्प गर्ने पात्रहरूमा एउटा नेतृत्वबाट क्रान्ति सफल नभए अर्को नेतृत्वले त्यसलाई अगाडि बढाउँछ भन्ने विद्रोही चेत देखिन्छ । देश, जनता तथा क्रान्तिकारी परिर्वतनप्रति निष्ठावान् तथा वर्गीय सचेतना रहेका प्रतिनिधि चरित्रका रूपमा शारदा, सलिना, अम्बिका र आदित्यका बा अग्रपङ्क्तिमा रहेका छन् । शान्ति सम्झौतालाई अस्वीकार गर्दै अझै क्रान्तिको सपना देखेका सलिना र देवले क्रान्तिलाई अझै नयाँ पुस्ताले नयाँ ढङ्गले अगाडि बढाउने सङ्केत गरेका छन् । सधैँ मान्छेले युद्धबाट 'मोक्ष' वा मुक्तिको बाटो खोजेको हुन्छ । युद्ध निरन्तर प्रक्रिया हो । मान्छे कहिले भौतिक वस्तुसँग युद्ध गरिरहन्छ भने कहिले आफ्नै आन्तरिक पक्षसँग युद्ध गरिरहन्छ । जुनसुकै बहानामा मान्छे युद्धकै मैदानमा हुन्छ भन्ने कुरा यी पात्रमार्फत पुष्टि गरिएको छ । यिनै पाटाहरू उपन्यासका सकारात्मक पक्षहरू रहेको देखिन्छ ।

उपन्यासमा जनयुद्ध र क्रान्तिकारी विचारधारालाई सोचनीय अवस्थामा पुऱ्याएर छोडिएको सङ्केत गरिएको छ । मान्छेले अरूका कुरा धेरै सुन्छ तर निर्णय आफैले गर्छ । इच्छामा युद्धप्रति धेरै नै मोह जन्मनु तथा पछि युद्ध र प्रेम असफल भएको देखाउनुमा आख्यानकारको चेतनाको स्तरले

काम गरेको देखिन्छ । उसले ऊर्जामय जवानीमा लडेको युद्ध हो जनयुद्ध । उपन्यासमा एउटी सन्तान कि आमा सहादत प्राप्त लोग्नेको छोरो हुर्काउने आफ्नो जिम्मेवारी भुलेर एक्लै गुम्बा पस्न सक्छे र सबभन्दा बढी मोहका साथ  नजयुद्धमा सहभागी भएका पात्र आविष्कार र इच्छाले पलायनको बाटो किन समाते भन्ने निकै पेचिलो विषय र मुद्दाको उठान गरिएको छ । जो धेरै उत्पीडन र दलनमा परेको छ उही बढी आक्रोशित हुन्छ र त्यसैले जतिसुकै चुनौती र सङ्घर्ष गरेर पनि मक्तिको बाटो खोजेको हुन्छ । त्यस्तै पात्र आविष्कार र इच्छा हुन् । उनीहरू दलनबाट मुक्तिको बाटो खोल्दै अस्तित्व र पहिचानका लागि मुद्दा लढ्ने व्यक्ति हुन् । शान्ति प्रक्रियापछि उही किनारामा फालिन पुग्दा निराश बने पनि विद्रोही चेत कसरी मर्छ र  पलायनतिर लाग्न सक्छन् । एउटा क्रान्तिकारीले एकपटकको क्रान्तिकारी अभ्यास असफल भए पनि नआत्तिई अझै क्रान्ति गर्ने अग्रगामी कदम चाल्नुपर्थ्यो र चालेका पनि छन् । यसले आविष्कार र इच्छा जस्ता पात्रमा क्षणिक दयाभाव पाठकमा पलाए पनि यस्ता सशक्त क्रान्तिकारीहरूले त वर्गीय क्रान्ति तथा आन्दोलनबाट हार माने भने यो वर्गीय उत्थान र सङ्घर्षमा अरूले विद्रोह गर्दा सफल हुन के सक्लान् र ? भन्ने नकारात्मक प्रभाव पर्छ । त्यसैले एउटा प्रगतिवादी साहित्यकारले आफ्नो वर्गलाई सकारात्मक ऊर्जा नदिए यसले क्रान्तिकारी विचार र सङ्घर्षलाई निराशाको खाडलमा पुऱ्याउन सक्छ । उपन्यासका अन्य पात्रहरूमा भने त्यस्तो प्रवृत्ति पाइँदैन । आदित्यकी आमा छापामारहरूलाई सहयोग गरे पनि युद्ध नरुचाउने पात्र हुन् । अन्य नारीपात्रहरू वर्गीय चेतना, वर्गपक्षधरता र वर्गप्रेमलाई अनुशरण गर्दै सचेत रूपमा अगाडि बढेका छन् । कतिपयले सामन्ती सत्ताको गिद्धेदृष्टि परेर शहादत प्राप्त गरेका छन् भने लामो जनयुद्ध लडेका अम्बिका, सलिना जस्ता पात्र शान्ति प्रक्रियामा आएपछि पनि विद्रोह गर्दै आमूल परिवर्तनका लागि क्रान्तिमा निरन्तर लागेका छन् । जनयुद्धसँग जोडिएका नारी पात्रहरूमा विद्रोह निम्नवर्गीय जनताको हक, हित र विजयका निम्ति हुनुपर्छ, साम्यवादी युग नआएसम्म युद्ध, क्रान्ति जारी राख्नुपर्छ भन्ने वर्गीय सचेतना रहेको छ । युद्ध र क्रान्ति निरन्तर प्रक्रिया हो, क्रान्तिबाट कोही अछुतो हुनै सक्दैन भन्ने वैचारिक चेत रहेका नारी पात्रहरू विद्रोही व्यवहारमा पनि सबल र सक्षम देखिन्छन् ।

## सन्दर्भग्रन्थसूची

अर्याल, भोजेन्द्र (२०६८). *नेपाली समाज र संस्कृतिका उपागमहरू.* काठमाडौँ : ज्ञानकुञ्ज प्रकाशन ।
अविरल, सिर्जन (२०७८ ). *मोक्ष.* काठमाडौँ : साङ्ग्रिला बुक्स प्रा.लि. ।
उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।
चापागाईं, निनु (२०५४). *मार्क्सवादी चिन्तनमा सौन्दर्य.* ललितपुर : मृदुल चापागाईं ।
चापागाईं, निनु (२०६७). *मार्क्सवादी साहित्य चिन्तन* (सम्पा.). ललितपुर : साझा प्रकाशन. ।
चैतन्य, (२०६४). *मार्क्सवादी कलादृष्टि र समीक्षा* (दोस्रो संस्क.). काठमाडौँ : ऐरावती प्रकाशन ।
ढकाल, घनश्याम र अन्य (सम्पा.) (२०६७). मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य. काठमाडौँ :

अखिल नेपाल जनसांस्कृतिक महासङ्घ ।

त्रिपाठी, सुधा (सन् २०१२). *नारीवादी सौन्दर्य चिन्तन*. काठमाडौँ : भृकुटी एकेडेमी पब्लिकेसन्स ।

पाण्डेय, मैनेजर (२०६७). 'साहित्य र सर्वहारा'. *मार्क्सवादी साहित्य चिन्तन* (*सम्पा.*). निनु चापागाई. ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६७). *मार्क्सवाद र उत्तरआधुनिकतावाद*. ललितपुर : साझा प्रकाशन ।

लुकास, जर्ज (२०६७). *'सौन्दर्यशास्त्रका बारेमा मार्क्स र एङ्गेल्सका विचारहरू'. मार्क्सवादी साहित्य चिन्तन* (सम्पा.). निनु चापागाईं. ललितपुर : साझा प्रकाशन ।

यमि, हिसिला र बाबुराम भट्टराई (२०६३). *मार्क्सवाद र महिला मुक्ति* (दोस्रो संस्करण काठमाडौँ : टु लाइन ।

श्युन, लु (२०६७). *'क्रान्तिकालको साहित्य'. मार्क्सवादी साहित्य चिन्तन* (सम्पा.). निनु चापागाई. ललितपुर : साझा प्रकाशन ।